# Civil Engineer पदको कार्यविवरण :

भीमेश्वर नगरपालिकाको योजना कार्यान्वयन तथा भवन मापदण्ड कार्यन्वयन समेतका लागि सिभिल इन्जिनियरको आवश्यकता परेकोले यो कार्यविवरण तयार गरिएको छ ।

| पद, नाम | करार अवधि | मासिक तलव | पाउने बिदा |
|---|---|---|---|
| सिभिल ईञ्जिनियर | २०७५ असार मसान्त सम्म | रु ३०,५०० | विदा संञ्चित नहुने गरि प्रति महिना २ दिन घर विदा र १ दिन भैपरी/पर्व विदा |

**प्राविधिक भूमिका र जिम्मेवारी**

१) नगर सभाबाट स्वीकृत योजनाको वार्षिक खरिद योजना तयार पार्ने ।

२) नगर सभाबाट स्वीकृत योजनाको सर्वे-डिजाईन र लागत इस्टमेट तयार पार्ने ।

३) स्वीकृत योजनाको खरिद प्रक्रियामा प्रमुख प्रशासकीय अधिकृतलाई प्राविधिक सल्लाह र सहजिकरण गर्ने ।

४)सार्वजानिक निर्माण कार्य ,तथा परामर्शदाता छनौट सम्बन्धी आवश्यक कागजात एवं समाग्री तयारी, अध्ययन तथा मूल्याङ्कन लगायतका कार्यमा आवश्यक प्राविधिक सहयोग गर्ने ।

५) निर्माण कार्यको गुणस्तर कायम गर्न प्रयोगशाला परिक्षण लगाएतका काम गराउने ।

६) निर्माण कार्यको नियमित अनुगमन गरि प्रतिवेदन पेश गर्ने ।

७) निर्माण कार्यको मूल्याङ्कन गर्ने ।

८) नगर यातायात गुरुयोजना तयार पार्न आवश्यक प्राविधिक सहयोग र सहजिकरण गर्ने ।

९) नगरपालिकाको भू-उपयोग योजना र मापदण्ड तयार पार्न र त्यसको कार्यन्वयन गर्न सहयोग गर्ने

१०) नगरपालिकालाई भवनको मापदण्ड र भवन संहिता लागु गर्न , गराउन आवश्यक सहयोग गर्ने

११) भवन निर्माणको स्वीकृतिका लागि आवश्यक प्रक्रिया पूरा गरी समयमै स्वीकृतिका लागि प्रमुख प्रशासकिय अधिकृत समक्ष पेश गर्ने ।

१२) निर्माण कार्यमा संलग्न व्यक्तिहरुलाई भवनको मापदण्ड र भवन संहिता लागु गर्नका लागि आवश्यक पर्ने प्राविधिक सीप विकास गराउने ।

१३) नगरपालिकामा भूकम्म प्रतिरोधात्मक भौतिक पूर्वाधार निर्माणका लागि भुकम्पीय सुरक्षा सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गर्ने, गराउने ।

१४) निर्देशित जग्गा विकास कार्यक्रम र Land Pooling सम्बन्धी काममा आवश्यक प्राविधिक सहयोग गर्ने ।

१५) सब-ईन्जिनियर तथा नगरपालिकाका अन्य प्राविधिक जनशक्तिको क्षमता विकास गर्ने ।

१६) निर्माण सामाग्री सम्बन्धी नगर दर रेट निर्धारण प्राविधिक सहयोग गर्ने ।

१७) विपद व्यवस्थापन तथा जोखिम न्यूनीकरणका कार्यहरुमा सहजीकरण गर्ने , गराउने ।

१८) उपभोक्ता समितिको क्षमता बृद्धिका कार्यक्रमको योजना निर्माण तथा कार्यान्वयन गर्ने गराउने ।

१९) प्रमुख प्रशासकीय अधिकृतले समय समयमा तोकेको अन्य कार्य गर्ने ।

**आवश्यक न्यूनतम योग्यता**

१) कम्तिमा सिभिल इञ्जिनियरिङ्ग विषयमा मान्यता प्राप्त शिक्षण संस्थाबाट Elective paper on building structure वा सोही विषयमा Final Project गरी कम्तिमा ६५% वा सो सरह वा ग्रेड पद्धतिमा ३.० अंक साथ स्नातक (Bachelor of Civil Engineering) उतीर्ण गरेको हुनुपर्दछ ।

२) नगरपालिकामा ईञ्जिनियर पदमा काम गरेको अनुभवलाई प्राथमिकता दिईनेछ ।

३) स्थानिय उम्मेदवारलाई विशेष प्राथमिकता दिईनेछ ।

४) Nepal Engineering Council मा दर्ता भएको हुनुपर्ने छ ।

## Short List गर्ने अङ्कभार

| क्र.सं | सुचकहरु | पुर्णाङ्क |
|---|---|---|
| १. | BE (civil Engineering) मा Elective paper on building Structure भएको वा सोहि विषयमा Final Project गरेको । | छनौट योग्य हुने |
| १.१ | BE (civil Engineering) मा Elective paper on building Structure नभएको वा सोहि विषयमा Final Project नगरेको । | Short list मा नपर्ने |
| २ | **शैक्षिक योग्यता (सुचना अनुसारको न्यूनतम शैक्षिक योग्यताको आधारमा)** | ४० |
| २.१ | अंक अंकित स्तर निर्धारण पद्धति भएको विश्व विद्यालयको हकमा | |
| २.१.१ | ८०% वा सो भन्दा माथि प्राप्तङ्क भएको वा सम्बन्धित विषयमा तोकिए भन्दा माथिल्लो शैक्षिक उपाधी भएको । | ४० |
| २.१.२ | ६५% देखि ७९.९९% सम्म प्राप्ताङ्क भएको । | ३० |
| २.१.३ | ६५% भन्दा कम अङ्क प्राप्त भएको । | Short list मा नपर्ने |
| २.२ | **अक्षर अंकित स्तर निर्धारण पद्धति** (Letter Grading System ) **भएका विश्वविद्यालयको हकमा** | ४० |
| २.२.१ | Cumulative Grading Point Average (३.५ देखि ४ सम्म वा सम्बन्धित विषयमा तोकिएभन्दा माथिल्लो शैक्षिक उपाधि भएको) | ४० |
| २.२.२ | Cumulative Grading Point Average (३ देखि ३.५ सम्म) | ३० |
| २.२.३ | Cumulative Grading Point Average ३ भन्दा कम | Short list मा नपर्ने |
| **३** | **कार्य अनुभव (सुचना अनुसारको न्यूनतम शैक्षिक योग्यता हासील गरे पश्चात)** | ४० |
| ३.१ | २ वर्ष भन्दा माथि सिभिल ईन्जिनियर भई कार्य अनुभव भएको वा कुनै नगरपालिकामा वा भवनसँग सम्वन्धित सरकारी कार्यालयमा सिभिल ईन्जिनियर भई काम गरेको अनुभव भएको । | ४० |
| ३.२ | १ वर्ष भन्दा माथि सिभिल ईन्जिनियर भई कार्य अनुभव भएको वा कुनै नगरपालिकामा वा भवनसँग सम्वन्धित सरकारी कार्यालयमा ६ महिना देखि १ वर्ष सम्म सिभिल ईन्जिनियर भई काम गरेको अनुभव भएको । | ३० |
| ३.३ | १ वर्ष सम्म सिभिल ईन्जिनियर भई कार्य अनुभव भएको । | २० |
| ३.४ | कार्य अनुभव नभएको | १२ |
| ४ | **उम्मेदवारको स्थायी ठेगाना सम्बन्धि** | |

| | | |
|---|---|---|
| ४.१ | स्थाई ठेगाना सम्बन्धित स्थानिय तहमा भएमा | १५ |
| ४.२ | स्थाई ठेगाना सम्बन्धित स्थानिय तहको जिल्लामा भएमा | १२ |
| ४.३ | स्थाई ठेगाना सम्बन्धित स्थानिय तहको प्रदेशमा भएमा | १० |
| ४.४ | अन्य | ८ |
| ५ | नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको | छनौट योग्य |
| ५.१ | नेपाल ईन्जिनियरिङ्ग काउन्सिलमा दर्ता नभएको | Short list मा नपर्ने |

जम्मा : १००

## छनौट विधि

१. प्रयोगात्मक परीक्षा - ८० पूर्णाङ्क

२.अर्न्तवार्ता - २० पूर्णाङ्क

द्रष्टव्य :

१.पेश भएका कागजातका आधारमा Short List गरिनेछ र न्यूनतम ६५ अङ्क वा Cumulative GPA (३ अंक प्राप्त गरेको उम्मेद्वारलाई मात्र Short List गरिनेछ ।

२. Short List भएका उम्मेद्वारलाई मात्र प्रयोगात्मक परीक्षा र अन्तर्वार्तामा बोलाईनेछ ।

३. निवेदन तथा आवश्यक कागजातहरु स्कचान गरी ict.bhimeshwor@gmail.com मा ईमेल गरी पठाउनु पर्नेछ ।

४. संलग्न गरिनु पर्ने कागजातहरु :

क. निवेदन,

ख. नागरिकताको प्रमाणपत्र,

ग. शैक्षिक योग्यताको प्रमाणपत्र,

घ. अनुभवको प्रमाणपत्र,

ङ . नेपाल ईञ्जिनियरिङ्ग काउन्सिलमा दर्ता भएको प्रमाणपत्र ।